# प्रोग्रेशिभ फाइनान्स लिमिटेडको
# सत्रौ वार्षिक साधारण सभाको
# निर्णय माइन्युट (बिवरण)

## १. बैधानिक सभा

यस प्रोग्रेशिभ फाइनान्स लिमिटेडको सत्रौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री प्रविण मान सिंहज्यूको सभापतित्वमा संकटा भवनको सभाकक्ष ,यङ्गाल काठमाण्डौंमा बिहान ११.०० बजे बसी देहाय वमोजिमको काम कारवाही सुसम्पन्न भयो ।

## २. सभाको मिति ,समय र स्थान :

मिति : २०७० साल पौष ३० गते मगंलबार
समय : बिहान ११.०० बजे
स्थान : संकटा भवनको सभाकक्ष, यङ्गाल, काठमाण्डौं

## ३. सभाको सूचना प्रकाशन :

कम्पनी ऐन २०६३ को दफा ७३(२)को प्रावधान अनुरुप यो कम्पनीको आर्थिक वर्ष २०६९/०७० को मूद्रित वार्षिक प्रतिवेदन सहित सत्रौं वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई पठाउनुको साथै सो को सूचना मिति २०७०/०९/०८ मा कारोबार राष्ट्रिय दैनिक र मिति २०७०/०९/१८ मा राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो ।

## ४. छलफलका विषय सूची :

### क) सामान्य प्रस्ताव

४.१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

४.२ लेखापरीक्षकको प्रतिवेदन सहितको २०७० आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०६९/०७० को नाफा नोक्सान हिसाब र नगद प्रवाह सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

४.३ लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७०/०७१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक टि.पी.अधिकारी एण्ड एशोशियट्स पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)

४.४ सर्वसाधारण समुह "ख" तर्फका २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।

४.५ विविध ।

**(ख) विशेष प्रस्तावहरु :-**

१. संचालकहरुको बैठक भत्ता र टेलिफोन खर्च वृद्धि गर्ने सम्बन्धमा नियमावली संशोधन गर्ने ।

२. संस्थाको नियमावली संशोधन गर्ने सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंक वा अन्य नियमन निकायबाट स्वीकृत गराउनका लागि आवश्यकताअनुसार सो मा थप घट गर्न वा संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. यस बित्तीय संस्था अन्य बिभिन्न बित्तीय संस्थासंग गाभ्ने गाभिने सम्बन्धी बृहत मर्जरको बिशेष प्रस्ताव पारित गरि सो सम्बन्धी बांकी कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताब पारित गर्ने । (विगत साधारण सभाको निरन्तरताका लागि )

**५.उपस्थिति :**

**संचालक उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री प्रविनमान सिंह | अध्यक्ष |
| २. | श्री सुरेश शाक्य | संचालक |
| ३. | श्री दिव्य प्रकाश विष्ट | संचालक |
| ४. | श्री अनिल चित्रकार | संचालक |
| ५. | श्री मथुराराम श्रेष्ठ | संचालक |

**पर्यबेक्षक उपस्थिति :**

१. टा.ना.सु.श्री अर्जुन घिमिरे कम्पनी रजिष्ट्रारको कार्यालय

२. श्री विनोद पौड्याल नेपाल धितोपत्र वार्ड

शेयरधनीहरुको उपस्थिती:

१. स्वयम् उपस्थित : ९४जना

२. प्रतिनिधी मार्फत उपस्थित : १४ जना

**जम्मा उपस्थित : १०८ जना**

६. गणपुरक संख्या: उल्लेखित उपसिथितका आधारमा

| विवरण | कूल संख्या | स्वयम् उपस्थित (क) र (ख) | प्रतिनिधी मार्फत (क) र (ख) | जम्मा (क+ख) | जम्मा विक्री भएको शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीहरु<br>शेयर संख्या | १२४ जना<br>८५५४१० | ९४ जना<br>२७०६९० | १४ जना<br>५८४७२० | १०८ जना<br>८५५४१० | ७१.२८ प्रतिशत |

७. सभाको बैधानिकता:

यो सभा कम्पनी ऐन २०६३ को ब्यबस्था भए बमोजिम बोलाइएको र दफा ७३(२) बमोजिम गणपुरक संख्या पुगेको हुंदा सभा बैधानिक भएको कुरामा शेयरधनीहरु सहमत हुनुभई विधिवत सभाको कारवाही अगाडी बढाइयो ।

८. सभाको सभापतित्व र सभा संचालन:

सभाको प्रारम्भमा यस सभाको सभापतित्व गरिदिन संचालक समितिका अध्यक्ष श्री प्रविनमान सिंह ज्यूलाई सभा संचालकले अनुरोध गर्नु भएपछि वहांले सभाको सभापतित्व ग्रहण गर्नु भयो ।

९. सत्रौ वार्षिक साधारण सभामा संचालक समितीको प्रतिवेदन प्रस्ताव तथा अन्य प्रस्तावहरुको प्रस्तुती:

९.१ सत्रौ वार्षिक प्रतिवेदन प्रस्तुती :-

छलफलका विषयको प्रथम प्रस्तावमा रहेको सत्रौ वार्षिक प्रतिवेदन सभामा प्रश्तुत गर्न हुन सभाका सभापतिज्यूलाई अनुरोध गरिएपछि सभाका सभापति श्री प्रविनमान सिंह ज्यूले सत्रौ वार्षिक प्रतिवेदन सभामा पढेर सुनाउनु भयो ।

## ९.२ लेखापरीक्षण प्रतिवेदन समेतको हिसाब प्रस्तुती :

तत्पश्चात् सभापति महोदयज्यूले आ.व.२०६९/०७० को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण समेतको हिसाब यो सत्रौ वार्षिक साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## १०. छलफलको लागि आव्हान :

सो वार्षिक प्रतिवेदन को प्रस्तुती पछि सभाका सभापतिले शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदन तथा छलफलका अन्य विषयमा आफ्ना जिज्ञासा, मन्तव्य र सकारात्मक सुझाब प्रस्तुत गर्न आमन्त्रण गर्नुभयो । त्यस पछि निम्न शेयरधनी महानुभावहरुले आफ्ना जिज्ञासा तथा सुझाबहरु सभामा प्रस्तुत गर्नु भयो ।

## छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :-

१०.१) शेयरधनी श्री माधवलाल श्रेष्ठ

१०.२) शेयरधनी श्री अमृतनाथ रेग्मी

१०.३) शेयरधनी श्री डमरुबल्लभ घिमिरे

१०.४) शेयरधनी श्री शिव प्रसाद शर्मा

१०.५) शेयरधनी श्री राम गोपाल महर्जन

१०.६) शेयरधनी श्री विन्देश्वर श्रेष्ठ

१०.७) शेयरधनी श्री नारायण सुन्दर श्रेष्ठ

**शेयरधनी महानुभावहरुबाट व्यक्त जिज्ञासा सुझावको प्रस्तुती :-**

मिति : २०७०/०९/३०

**१. माधव लाल श्रेष्ठ**

- संस्थाको प्रति शेयर मूल्य कम भएकोमा के कसरी बढाउने सोच रहेको छ ?

- संस्थाको आगामी दिनमा Net profit target के छ ?
- मर्जर समबन्धमा के नीति लिएको छ ?
- कर्मचारीहरुलाई तालिमको व्यवस्था के कस्तो गरेको छ ?

२. अमृतनाथ रेग्मी

- सम्पूर्ण Parameter हरु Negative तिर जाँदै छन् ।
- हालको अवस्थामा संस्था मर्जर गर्न उपयुक्त छ कि ?
- एनडिइपी विकास बैंक,येती विकास बैंक र प्रोग्रेशिभ फाइनान्स लि मर्जर हुन लागेको खबर पत्रपत्रिकामा पढ्न पाइएको सांचो हो कि ?
- कर्जा लगानीको व्याज आय कम हुंदै गएको अवस्थामा सावाँ तिराउने तिर अझ विशेष ध्यान केन्द्रित गर्न सुझाव गर्दछु ।
- संस्था संचालनमा सिइओको भूमिका ड्राईभरको हुने भएकोले संस्था प्रमुख र संचालक समितिको सम्बन्ध सुमधुर हुनु पर्ने कुरा जानकारी गराउन चाहन्छु ।
- संस्था मर्जरमा जांदा डिडिएमा ध्यान दिनु पर्दछ । आफ्नो संस्थाको स्वाप अनुपात बढाउन ध्यान दिन सुझाव गर्दछु ।
- कर्जा लगानी गर्दा विचार गर्न सुझाव गर्दछु ।

३. डमरु वल्लभ घिमिरे

- मर्जर हुन लागेकोमा खुशी व्यक्त गर्दै आफ्नो अस्तीत्वलाई ख्याल गर्न सुझाव छ ।
- संचालक समितिले बढाएर लिएको भत्ता ने.रा.बै.बाट स्वीकृत भए पछि मात्र लिनु हुन सुझाव छ ।
- मर्जरमा कर्मचारीहरुलाई विचार गर्नुपर्दछ ।
- नयां लगानी कर्ताका साथै हालका संस्था प्रमुख श्री झनक राज ढुङ्गेललाई हार्दिक बधाइ तथा शुभकामना दिन चाहन्छु ।
- आगामी दिनमा संस्थाको अझ राम्रो प्रगति हेर्न पाइयोस् ।

४. शिव प्रसाद शर्मा

- संस्थाले आगामी दिनमा साना साना कर्जा लगानी गर्ने कि?
- सस्थाको संचालक समिति निष्क्रिय जस्तो देखिन्छ ,किन हो ?
- संचालक समिति समेतले पहल गरि खराब कर्जा उठाउनु पर्‍यो ।

- संस्था मर्जरमा जांदा डिडिएमा र स्वाप अनुपात बढाउन ध्यान दिन सुझाव गर्दछु ।
- संस्था बचाउन संचालक समितिको त्याग तथा लगनशीलताको जरुरत पर्दछ ।
- संस्थाले शेयरमा गरेको लगानी राम्रो नै छ ।
- संस्थाको Goodwill बढाउनु पर्‍यो ।

### ५. राम गोपाल महर्जन

- ATM/SMS तत्काल शुरु गरौं ।
- कर्मचारी promotion गर्नु पर्‍यो ।
- कर्मचारीहरुलाई तालिम गराउनु र दिनु पर्दछ ।
- खराब कर्जा उठाउन के कस्तो प्रयास भएको छ ?
- मर्जर सम्बन्धमा के हुंदै छ ?
- संस्थाले शेयरमा लगानी बढाउनु पर्‍यो ।

### ६. विन्देश्वर श्रेष्ठ

- संस्था कोमामा पुगिसकेको अवस्थालाई हाल सहज रुपमा कारोवार योग्य बनाउनु भएकोमा संचालक समिति र व्यवस्थापकलाई धन्यवाद दिन चाहन्छु ।
- संस्था खराब हुनुमा पुरानो संचाक समिति र व्यवस्थापन दोषि देखिन्छ ।
- वित्तिय क्षेत्रमा काम गर्दा विचार गरेर मात्र काम गर्नु पर्दछ ।
- व्यवस्थापक र संचालकहरुले कांडामा टेकेर काम गरी रहनु भएको छ ।
- संस्थाले लगानी गरेको कुनै कुनै कर्जाको यदि सावाँ समेत नउठ्ने अवस्था छ भने पनि के कसरी हुन्छ कर्जाहरु उठाउन सुझाव गर्दछु ।
- मर्जरमा हाम्रो संस्था safe landing मा होइन better landing मा जान सुझाव गर्दछु ।
- कर्मचारीहरुको तलव भत्ता समय अनुसार बृद्धि गर्नु पर्नेमा सुझाव गर्दछु ।
- बन्द हुन लागेको संस्थालाई अगाडि बढाइ रहनु भएकोमा हालका संस्था प्रमुख श्री झनक राज ढुङ्गेललाई पुनः धन्यवाद दिन चाहन्छु ।

### ७. नारायण सुन्दर श्रेष्ठ

- संस्थामा संगठित संस्थाको मात्र लगानी हुदां संस्था बर्वात हुदो रहेछ ।
- समग्र वित्तीय बजारमा नेपाल राष्ट्र बैंकको नियमले संस्थाहरु विग्री रहेका छन ।

- मर्जर राम्रो हुनु पर्‍यो ।
- कम्पनीमा विकृती संचालक समितिको कारणले पनि हुन्छ ।

११. शेयरधनी महानुभावहरुका जिज्ञासाहरुमा सभाका सभापति श्री प्रविनमान सिंहले जवाफ प्रश्तुत गर्नुभयो । मुख्य मुख्य जवाफहरुको प्रश्तुती निम्नानुसार छन् :–

- यस संस्थाको सम्बन्धमा सकारात्मक कुराहरु बताइ दिनु भएकोमा शेयरधनी महानुभाव ज्यूहरुलाई धन्यवाद् ।
- कर्मचारीहरुलाई तालिम दिने व्यवस्था रहेको छ र समय समयमा आवश्यक तालिमहरु दिई नै रहेको छ ।
- संस्थाको निक्षेप र कर्जा लगानी वृद्धिमा ध्यान दिइरहेका छौं । निक्षेप योजनाहरु पनि नयाँ नयाँ लागू गर्दै गइ राखेको छ ।
- पुरानो कर्जा लगानीको असूली कार्यलाई तिव्रता दिइ रहेका छौं ।
- छिटै एटिएम तथा एसएमएस सेवा संचालन गर्न लागि रहेका छौं ।
- आजको अवस्थामा एक्लै अगाडि बढ्नु भन्दा मर्जर गरेर अगाडि बढ्नु नै ठिक जस्तो देखिएकाले मर्जरमा जान अन्तिम पहल भैसकेको छ ।
- व्यवस्थापक र संचालक समितिको सम्बन्ध अति राम्रो रहेको छ । भविष्यमा पनि अझ सुमधुर गराउदै लगिने छ ।
- आगामी दिनहरुमा यहांहरुका सुझावहरुलाई मनन गरि सोही अनुसार कार्यान्वयन गर्नेछौ ।

१२. उल्लेखित छलफल पछि सभाबाट सर्वसम्मतिले भएका निर्णयहरु :(

(क) सामान्य प्रस्तावहरुः-

(१) सत्रौं वार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फवाट अध्यक्षज्यू द्धारा प्रस्तुत वार्षिक प्रतिवेदनलाई पारित गरियोस् भनि सभा समक्ष राखिएको प्रस्ताब सर्वसम्मतीले पारित गरियो ।

(२) लेखापरिक्षक प्रतिवेदन सहितको आ.ब. २०६९/०७० को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरण छलफल पश्चात् पारित गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

(३) आ.ब.२०७०/०७१ को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमीक निर्धारण गर्ने सम्बन्धमा सभामा छलफल हुँदा लेखापरिक्षक श्री ठाकुर प्रसाद अधिकारीलाई नियुक्ती गर्ने र निजले सो कार्य गरे वापत साविक अनुसारको भ्याट कर बाहेक रु.५५,०००।०० (अक्षेरेपी

पचपन्न हजार मात्र) पारिश्रमिक उपलब्ध गराउने गरी लेखापरीक्षण समितिले गरेको सिफारिस स्वीकृत गरी सोही बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने निर्णय भयो ।

(४) सर्वसाधारण समुह "ख" तर्फका २ जना संचालकहरुकौ निर्वाचन गर्ने प्रस्ताव पेश हुंदा निर्वाचन अधिवक्ता श्री मिलन कुमार राईले संस्थाको निर्वाचन सम्बन्धि निर्देशिका बमोजिम प्रकृया अवलम्बन गर्दा आगामी कार्यकालका लागि दुई जना संचालक छनौट गर्नु पर्नेमा श्री अनिल चित्रकार र श्री मथुराराम श्रेष्ठको मात्र उम्मेदवारी परेकोले वहांहरु निर्विरोध निर्वाचित भएको घोषणा गर्नु भयो । सो बमोजिम निर्वाचित भएकोलाई सभाले स्वीकृत गर्ने निर्णय भयो ।

(छ) विविध विषयमा कुनै विषय प्रस्तुत भएन ।

**(ख) विशेष प्रस्तावहरु :-**

१. संचालकहरुको बैठक भत्ता र टेलिफोन खर्च बृद्धि गर्ने सम्बन्धमा नियमावली संशोधन गर्ने विशेष प्रस्ताव पेश हुंदा निम्न बमोजिम नियमावलीमा संसोधन गर्ने गरी बैठक भत्ता र टेलिफोन खर्च बृद्धि गर्ने निर्णय पारित भयो ।

**प्रोग्रेशिभ फाइनान्स लिमिटेडको संशोधित नियमावलीको तीन महले विवरण :**

| **साविकको व्यवस्था** | **संशोधित व्यवस्था** | **संशोधनको कारण** |
|---|---|---|
| २९(१)(ख)संचालक समितिको बैठकमा उपस्थित भए वापत संचालकले पाउने बैठक भत्ता रु.२,०००/- र समितिका अध्यक्षले पाउने भत्ता रु. २,२००/-हुनेछ । तथा टेलिफोन ,पत्र पत्रिका र सवारी भाडा वापत प्रति महिना रु.१,५००/- भुक्तानी दिइनेछ । | २९(१)(ख)संचालक समितिको बैठकमा उपस्थित भए वापत भत्ता संचालकले रु. ४,०००/- र समितिको अध्यक्षले रु.४,५०० /- हुनेछ । तथा टेलिफोन ,पत्र पत्रिका र सवारी भाडा वापत प्रति महिना रु.२,५०० /- भुक्तानी दिइनेछ । | संचालक समितिका सदस्यको भत्ता तथा सुविधा समयानुकुल परिवर्तन गर्नु परेकाले । |

२. संस्थाको नियमावली संशोधन गर्ने सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंक वा अन्य नियमन निकायबाट स्वीकृत गराउनका लागि आवश्यकताअनुसार सो मा थप घट गर्ने वा संशोधन गर्ने संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित भयो ।

३. यस बित्तीय संस्था अन्य बिभिन्न बित्तीय संस्थासंग गाभ्ने गाभिने सम्बन्धी बृहत मर्जरको बिशेष प्रस्ताव पारित गरि सो सम्बन्धी बाँकी कार्य गर्ने संचालक समितिलाई अख्तियारी दिने सम्बन्धी

प्रस्ताव पेश हुंदा सो सम्बन्धी प्रस्ताव पारित गरियो । र साविक वार्षिक साधारण सभाबाट अख्तियारी प्रदान गरे बमोजिम यति डेभलपमेण्ट बैंक लि. र एनइडिपि डेभलपमेण्ट बैंक लि.संग मर्ज गर्ने गरी गरेको मर्जर सम्झौता स्वीकृती गरी मर्जरका लागि बांकी कार्य सम्पन्न गर्न समेत संचालक समितिलाई अख्तियारी दिने निर्णय पारित गरियो ।

तत्पश्चात् सौहार्दपुर्ण वातावरणमा सभा सम्पन्न गर्न सहयोग गरकोमा शेयरधनी महानूभावहरु, नियमनकारी निकायहरु लगायत सबैलाई धन्यवाद दिदै सभाका सभापतिले सत्रौ वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो र सभा बिर्जन भयो ।

..............................

(प्रविनमान सिंह)
अध्यक्ष सभापति

प्रोग्रेसिभ फाइनान्स लि. २०५१

..............................

(झनकराज ढुङ्गेल)
कम्पनी सचिव